# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

**खण्ड: ३ संख्या: ६ मिति: २०७७/०९/२४**

**जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**


भाग २

स्थानीय सरकार

## करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, (दोश्रो संसोधन) २०७७

**प्रस्तावना:**

मुलुकको राष्टिय् र अर्न्तराष्ट्रिय स्तरमा छुटै पहिचान बनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहेको हुन्छ । खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद सम्बन्धी स्थानीय स्तरमा तालिम संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा अन्तर स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद प्रतियोगिताहरुमा यस परशुराम नगरपालिका अन्तर्गतका युवा तथा विद्यार्थीहरुको उपयुक्त सहभागिता गराउने उद्देश्य

महशुस गरी खेलकुद प्रशिक्षक छनौट एवं खेलकुद विकास गर्न वाञ्छनीय भएकोले, परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली २०७५ को नियम ३ बमोजिम परशुराम नगरकार्यपालिकाको मिति २०७७।०८।१९ गतेको कार्यपालिका वैठकबाट स्वीकृत गरी यो कार्यविधी बनाईएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र परिभाषाः**

(क) यस कार्यविधिको नाम "करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

(ख) यो कार्यविधि परशुराम नगरपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

(ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले करारमा खेलकुद भर्ना सम्बन्धी कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले परशुराम नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ)" खेलकुद प्रशिक्षक" भन्नाले परशुराम नगरपालिकाबाट गठित खेलकुद प्रशिक्षक छनौट समितिबाट छनौट भएको प्रशिक्षकहरुलाई सम्झनु पर्छ ।

(ङ) "प्रशिक्षक छनौट समिति" भन्नाले प्रशिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधिको परिच्छेद २ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(च) "नगरप्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगरप्रमुख लाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले परशुराम नगरपालिका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्छ ।





(ण) खेलकुदको विकास तथा खेलकुद सम्बन्धी खेलकुद विकास समितिहरु एवं नगरपालिका लाई आवश्यक सल्लाह तथा पृष्ठपोषण गर्ने ।

(त) नगरपालिका/खेलकुद विकास समितिले दिएका अन्य जिम्मेवारी तथा निर्देशनको पूर्ण पालना गर्ने र गराउने ।

थ) खेलकुद विकासको क्षेत्रमा नगरको साख उच्च कायम हुनेगरी कार्य गर्ने गराउने ।

**(१३) खेलकुद प्रशिक्षक सम्बन्धि अन्य व्यवस्थाः**

क) खेलकुद प्रशिक्षकका लागि नगरपालिकाको कर्मचारी तेरीज (OD) तयार नहुन्जेल सम्म नगरपालिकामा स्थायी दरबन्दी सिर्जना हुने छैन ।

ख) करारमा नियुक्त भएका प्रशिक्षक हरुको कार्य सन्तोषजनक नदेखिएमा कार्यालयले जुनसुकै समयमा पनि करार सम्झौता अन्त गर्न सक्ने छ ।

## परिच्छेद ६
## विविध

**१४. विविधः** यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा फुकाउने र संसोधन गर्ने अधिकार परशुराम नगरकार्यपालिकामा निहित रहने छ ।

प्रमाणिकरण मिति : २०७७/०९/२३

आज्ञाले
तारानाथ पनेरु
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद ५

## प्रशिक्षकको काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था

### १२. खेलकुद प्रशिक्षकको काम कर्तव्य र अधिकार देहाय वजोजिम हुनेछः

(क) खेलकुद प्रशिक्षकको मुख्य काम यस परशुराम नगरपालिका अन्तर्गत संचालन गरिने खेलकुदहरुको संचालनमा रेफ्रीको भूमिका रहनेछ ।

(ख) नगरपालिकाले खेलकुदमा गर्ने लगानीलाई सदुपयोग गर्ने उद्देश्य राखी खेलकुद विकासको लागि निरन्तर प्रतिबद्ध रहनु पर्नेछ ।

(ग) विद्यालय तहमा रहेका खेलाडीहरुको सीप विकास तथा खेलकुद सम्बन्धी प्रशिक्षण गर्नुपर्नेछ ।

(घ) खेलकूदको स्तरमा बृद्धि गर्न समय समयमा प्रशिक्षण गर्न प्रत्येक विद्यालयहरुमा गई खेलाडीहरुलाई प्रशिक्षण गर्नुपर्ने छ ।

(ङ) नगरपालिकाबाट सहभागी हुने विद्यालयस्तरीय वा अन्य खेलकुदका सहभागीहरुको मुख्य प्रशिक्षक भई जिम्मेवारी वहन गर्नुपर्ने छ ।

(च) अनुशासित खेलाडी विकासको मुख्य लक्ष्य लिई कार्य गर्नुपर्ने छ ।

(छ) नगरपालिकालाई खेलकुदको क्षेत्रमा पहिचान बनाउने कार्यतर्फ अग्रसर रहनुपर्ने छ ।

(ज) खेलकुद विकास समिति तथा नगरपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने कार्य गर्नुपर्ने छ ।

(झ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ञ) खेलकूद सम्बन्धी स्तर बढाउने उद्देश्यले खेलकुदमा सहभागी हुने युवा खेलाडीहरु र विद्यालयका विद्यार्थीहरुलाई सहयोग प्रदान गर्ने ।

(ट) खेलकुद विकासको लागि आवश्यकतानुसार सहयोग तथा सहजिकरण गर्ने

(ठ) खेलकुद विकासको लागि वडा तथा नगरस्तरमा खेलकुद विकास समिति गठन गर्न सहजिकरण गर्ने

(ड) खेलकुद सम्बन्धी खेलाडीहरुलाई तालीम प्रदान गर्ने ।

(ढ) खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने तथा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।





(झ) "शिक्षा शाखा" भन्नाले परशुराम नगरपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ञ)"विषय विज्ञ" भन्नाले खेलकुद प्रशिक्षक भर्नाको लागि छनौट गएिको विज्ञ सम्झनुपर्छ ।

(ट) "भत्ता" भन्नाले यस मापदण्डको खण्ड १० अनुसार खेलकुद प्रशिक्षकलाई दिइने भत्ता सम्झनुपर्छ ।

(ठ) "पारिश्रमिक" भन्नाले प्रशिक्षकलाई मासिक रुपमा दिइने पारिश्रमिकलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## खेलकुद प्रशिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

### (३) खेलकुद प्रशिक्षक छनौट समिति गठनः

(३.१) यस नगरपालिकामा खेलकुद प्रशिक्षक नियुक्तिका लागि प्रशिक्षक छनौट गरी सिफारिस गर्न देहायबमोजिमको खेलकुद प्रशिक्षक छनौटसमिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत - संयोजक

(ख) प्रशासन शाखा प्रमुख - सदस्य

(ग) रोजगार सेवा केन्द्र प्रमुख - सदस्य

(घ) खेलकुद विशेषज्ञ १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

नोटः आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३.२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खुला प्रतिस्पर्धात्मक परिक्षाबाट प्रशिक्षक करारमा नियुक्ति गरी नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने ।

(ख) परिक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने , प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित र मौखिक परीक्षा संचालन गर्ने, प्रश्नपत्र जाँचगर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने ।

(ग) प्रशिक्षक भर्नाका लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(घ) परीक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ।

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ।

(च) नगर कार्यपालिकासँग परिक्षा संचालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने ।

(छ) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

(३.३) समितिको वैठक सम्वन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३.४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ३

## खेलकुद प्रशिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

**४. खेलकुद प्रशिक्षक सम्बन्धमाः**

क) एथ्लेटिक खेल विधातर्फ मुख्य प्रशिक्षक सहायक स्तर चौथो तह -१ प्रशिक्षक

ख) मार्सल आर्ट खेल विधातर्फ मुख्य प्रशिक्षक सहायक स्तर चौथो तह -१ प्रशिक्षक

**५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्नेः** परिच्छेद २ नियम ३ (१) बमोजिम गठित खेलकुद प्रशिक्षक छनौट समितिले कम्तिमा १५ दिनका सार्वजनिक सूचना प्रकासित गर्नु पर्नेछ ।

**६. दरखास्त बुझाउनु पर्नेः** प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**७.योग्यता सम्वन्धि व्यवस्था :** खेलकुद प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ :

(क) SLC/SEE उत्तीर्ण गरेको ।

(ख) राष्टिय खेलकुद परिषदबाट डोजाङ दर्ता प्रमाणपत्र हुनुपर्ने

(ग) राष्टिय खेलकुद परिषदबाट सेकेन्ड डन/थर्ड डन प्रमाणपत्र हुनुपर्ने ।





(घ) १८ वर्ष पुरा भई ४०वर्ष ननाघेको हुनुपर्नेछ । (मिति २०७७।०९।२३को कार्यपालिकाबाट संसोधित)

(ङ) सम्बन्धित खेल विधामा आधारभुत ज्ञान भएको हुनुपर्नेछ ।

(च) खेलकुद प्रशिक्षक भई कार्यक्रम संचालन गरेका प्रमाणपत्रहरु तथा अन्य अनुभव सम्बन्धी कागजात भएको हुनुपर्नेछ ।

(छ) रेफ्री गरेको प्रमाणपत्र हुनुपर्ने ।

(ज) स्थानीय उमेदवारलाई प्राथमिकता दिईने ।

**८. पाठ्यक्रम, परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया :**

(क) खेलकुद प्रशिक्षकको लागि लिईने परीक्षाको कार्यक्रम, परीक्षापाठ प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया खेलकुद प्रशिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) लिखित तथा मौखिक परीक्षामा सफल उम्मेदवारलाई नगरपालिकाले नियुक्ति दिनेछ ।

**९. परीक्षाको किसिमः**

(क) छोटो सूची

(ख) लिखित अंकभार ७० अंक

(ग) मौखिक ३० अंक

## परिच्छेद ४

## भत्ता र बिदा सम्वन्धि व्यवस्था

**१०. भत्ता सम्वन्धि व्यवस्था :**

(क) खेलखुद प्रशिक्षकलाई मासिक रुपमा तलब तथा भत्ता प्रदान गरिने छ ।

(ख) नगरपालिकाको आयोजनामा संचालन गरिने खेलकुद कार्यक्रम संचालनार्थ भत्ता तथा अन्य सुविधाको व्यवस्था दिइने छैन । तर माथि जुनसुकै कुरा भएता पनि संचालित खेलकुद कार्यक्रममा तोकिए बमोजिमे सुविधा उपलब्ध गराइनेछ ।

**११.बिदा सम्वन्धि व्यवस्था :**

(क) खेलकुद प्रशिक्षकले एक वर्षमा ६ दिन क्या.वी.र ६ दिन पर्वविदा पाउने छ । उल्लेखीत विदा संचीत हुने छैन ।